# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २० गते २०४० साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३, ५ र ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

जनकपुर अञ्चल अदालतका अञ्चल न्यायाधीशको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

साबिकको जनकपुर वन सर्कल कार्यालयबाट झिकाई हाल जनकपुर अञ्चलाधीश कार्यालयमा रहेको सिन्धुली माडीको सभा भवन बनाउन चाहिने काठ सम्बन्धमा उठेको झै झगडा सम्बन्धी मुद्दा सो कार्यालयबाट झिकी कारवाई र किनारा गर्न यो विशेष अदालतलाई सुम्पिएको छ ।

साथै खण्ड ३२, मिति २०३९।७।२२, संख्या २९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित जनकपुर अञ्चल अदालतको अञ्चल न्यायाधीश श्री गोपालप्रसाद खत्रीको एक सदस्यीय विशेष अदालतलाई विघटन गरी त्यसमा दायर रहेका देहायका मुद्दाहरूमा कारवाई र किनारा गर्न यसै विशेष अदालतलाई सुम्पिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ZCS